लेखापरीक्षण प्रतिवेदन

कपिलवस्तु नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कपिलवस्तु नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/611

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
कपिलवस्तु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
तौलिहवा, कपिलवस्तु ।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेको छैन । पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३० करोड ८० लाख ५८ हजार, गरिवसंग विश्वेश्वर कार्यक्रमको रू ४ लाख १५ हजार, वालविकास कार्यक्रमको रू २३ लाख ४७ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २९ लाख ३० हजार र महामारी रोग नियन्त्रण कार्यक्रमको १४ लाख २१ हजार समेत गरी रु. ३१ करोड ५१ लाख ७२ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रु २ अर्व ३९ करोड १८ लाख ५४ लेखापरीक्षण गरिएकोमा रू ३ करोड ९२ लाख १४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त भएन । कुल वेरूजुमध्ये असुल गर्नुपर्ने रू १ करोड ३६ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९४ लाख ३५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३८ लाख ८६ हजार र पेस्की बाँकी रु. २२ लाख ५० हजार रहेको छ । गत वर्षसम्म रु. १५ करोड ३८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड ९२ लाख ५२ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य बेहोरा

यस कपिलवस्तु नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी कपिलवस्तु नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३९	५३	३,९२,१४,१४०	०	०	०	०	३९	५३	३,९२,१४,१४०	१,३६,४२,६९६	१,३८,८६,५०९	९४,३५,२४४	०	०	२,३३,२१,७५२	२२,४९,६९२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कपिलवस्तु	१५,००,३८,०००	०	०	१५,००,३८,०००	०	३,९२,१४,१४०	१८,९२,५२,१४०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
			सम्परीक्षण प्राप्त नभएको	

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम
विगतको लेखापरीक्षण बक्यौता नरहेको	

(८०५४९४०१३०० - कपिलवस्तु नगरपालिका, कपिलवस्तु)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस कपिलवस्तु नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा १२ वडा ,१३६.९१ वर्ग किलोमिटर क्षेत्रफल तथा ८८,८७४ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।१० देखि २०८१ ।१०।१३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :-पालिकाको आय - व्यय तर्फ रु २,३९,१८,५४,०००.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रु. ८०००।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:-

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)		
क्र.स./आर्थिक सङ्केत	चालुआ.ब.को कारोबार	गत आ. व. कोकारोबार
	जम्मा	जम्मा
११०००	१९,२६,२६,६८५.८२	१६,३७,९१,१२५.३९
१३०००	५१,२४,००,७२२.१२	६०,२४,२९,०६५.६२
१४०००	३,४२,२९,२२७.४२	३,५७,६४,४९४.०४
१५०००	८८,०००.००	२६,८५३.६२
क	७३,९३,४४,६३५.३६	८०,२०,११,५३८.६७
३	५६,३४,१३,३७२.०५	६१,७७,८२,८०६.११
२१०००	३२,१०,४९,६७१.०१	२९,०६,९९,८३२.९७
२२०००	२०,९८,३३,५६४.५३	२२,०२,७८,५४१.९३
२४०००	०	५४,९२७.०१
२५०००	२,६४,२३१.००	१९,६६,४०७.००
२६०००	२,३४,७१,७७५.५०	३३,५८,२१२.००
२७०००	६३,०५,६५८.००	१,००,८३,३९९.००
२८०००	२४,८८,४७२.०१	९,१३,४१,४८६.२०
४	२१,८२,१८,०२९.११	३५,९८,९६,४४२.९९
३१११०	२,८१,२०,२१६.१७	५,१२,३४,८६४.४८
३११२०	१,५५,१५,११६.१७	१,८५,७८,३५१.२३
३११३०	९९,५२०.००	२९,२१,५२९.००
३११४०	०	१,९२,१२१.००
३११५०	१६,०६,९४,४४८.४५	२८,३७,६४,३३५.२८
३११६०	९०,८२,१८६.६५	३१,१६,२२१.००
३११७०	४७,०६,५४१.६७	८९,०२१.००
५	०	५,६२,८२४.६१
३३१४७	०	५,६२,८२४.६१
ख)	७८,१६,३१,४०१.१६	९७,८२,४२,०७३.७१
ग)	(४,२२,८६,७६५.८०)	(१७,६२,३०,५३५.०४)
घ)	(७१,६५,३०७.६९)	१,१६,६२९.९६
घ.१)	-२२,५४०.००	
ङ)	(४,९४,५२,०७३.४९)	(१७,६१,१३,९०५.०८)

च)	२१,७०,३३,९९५.१६	३९,३१,४७,९००.२४
छ)	१६,७५,८१,९२१.६७	२१,७०,३३,९९५.१६

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३०,८०,५८,०६९.४९।-,गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,१५,०००।-,बाल विकास कार्यक्रमको रु २३,४७,२४६.१२।-,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु २९,३०,०००।- र महामारी रोग नियन्त्रण कार्यक्रमको रु १४२१७९०। समेत गरी रु. ३१,५१,७२,१०५.६१। एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **नीति तथा कार्यक्रम –**

नगरपालिकाले मिति २०८०-३-१० मा नगर प्रमुखबाट आ. व ०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम पेश भएको छ। नीति तथा कार्यक्रममा २०३९ सालको पुरानो नगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्ने,घर नक्सा सम्पन्न प्रमाण पत्र जारी गर्दा अनिवार्य रुपमा २ वटा विरुवा वृक्षारोपण गर्नुपर्ने,असारे विकास रोक्नलाई चैत्र मसान्त भित्र यथासम्भव सम्पन्न हुने योजनाहरु सम्झौता गरिने,रामघाट धामलाई प्राचीनता झल्कने गरी सुन्दरीकरण सहित थप पूर्वाधार विकास गरिने,पुराना सडक वत्ती काटिदा जेनेरेटरबाट सडक बत्ती आपूर्ति गरिने जस्ता कार्यक्रम उल्लेख गरिएको छ। नीति तथा कार्यक्रममा उल्लेख भएका नगरको महत्व राख्ने यस्ता कार्यक्रमलाई बजेटले प्राथमिकता दिएको देखिएन। महत्वका साथ उठाइएका यस्ता कार्यक्रममा बजेट नै नराख्ने तथा न्यून बजेट राख्ने,विनियोजित बजेट पनि न्यून खर्च भएको छ। रामघाट धामलाई रु ४० लाख बजेट रहेकोमा कार्यान्वयन भएन,नयाँ प्रविधियुक्त सडक वत्ती जडान गर्ने भनेकोमा न्यून कार्य भएको छ। असारे विकास रोक्न चैत्र मसान्त पछि ठेक्का सम्झौता नगर्ने भनेकोमा पूर्ण रुपमा लागू भएको छैन। नगरपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरिएका महत्वपूर्ण कार्यक्रमलाई प्राथमिकताका साथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

५ **बजेट कार्यान्वयन –**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ बमोजिम आगामी आ व को लागि पेश भएको राजश्व र व्ययको अनुमान (बजेट) मा पेश गरिएको कार्यक्रमलाई नगरपालिकाले प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ। नगरपालिकाले देहायका कार्यक्रमहरू बजेटमा समावेश भएको तर कार्यान्वयन भएको छैन। स्वीकृत कार्यक्रम र बजेटलाई ध्यानमा राखी प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्दै जानुपर्दछ।

कार्यक्रमको नाम	**बजेट**	**कार्यान्वयन भए/नभएको**
आनन्दवाग सिकोटवा मलपखा सडक (संघीय समपूरक)	१,००,००,०००।-	नभएको
वडा नं ७ को वडा कार्यालय भवन	५१,०५,०००।-	नभएको
मूल सडक लाइट सुन्दरीकरण	८,५०,०००।-	नभएको
जुइवाँध सिंचाई तथा सडक वडा नं १२ (प्रदेश समपूरक)	१,००,००,०००।-	नभएको
घरेलु कार्यालय देखि आरमील सडक कालोपत्रे	२९,२१,०००।-	नभएको
बसपार्क खानेपानी,प्रतिक्षालय तथा स्तनपान कक्ष	१०,००,०००।-	नभएको
तारजाली निर्माण तथा वृक्षारोपण	१,१२,५०,०००।-	आंशिक भएको

६ **पूरक बजेट –**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा उप-प्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्नुपर्ने,वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण,चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने व्यवस्था छ। नगरपालिकाले ऐनले गरेको व्यवस्था वमोजिम मिति २०८०-३-१० मा रु १,०३,४४,७२,७४८।– को राजश्व र व्ययको (बजेट) विवरण पेश गरेको छ। नगरसभाले १५ औँ नगरसभा (हिउदे सभा) मिति २०८१-१-४ गते बसेको र सो सभाले रु १,१०,६९,३७,०००।– को पुरक विनियोजन विधेयक,२०८० जारी गरेको छ। पुरक विनियोजन विधेयकमा गत वर्षको बैंक मौज्दात रु ७,२४,६५,८४६।– तथा रु ३०,००,०००।– सडक वोर्डको रकम थप गरिएको छ। गत वर्षको बैंक मौज्दात रकमलाई नगरपालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को व्यवस्था वमोजिम शुरु बजेट सभामा पेश गरी स्वीकृत गर्ने समयमा नै राजश्व र व्ययको अनुमानमा समावेश गर्न सकिने अवस्थामा पुरक विनियोजन ऐनमा थप गरेको छ। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१(८) बमोजिम पुरक अनुमान तथा बजेट सम्बन्धी अन्य व्यवस्था स्थानीय कानुन बमोजिम हुने छ भन्ने व्यवस्थामा नगरपालिकाले पुरक विनियोजन विधेयक पेश गर्न सक्ने सम्बन्धी व्यवस्थाको कानुन तर्जुमा गरेको देखिएन।

७ **त्रैमासिक खर्च** -

नगरपालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्दछ।पालिकाको पूजीगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा)

बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजिगत खर्चतर्फ	२,९८,२१८	१२,५१२	१७,५६४	२७,७७६	१,६०,३६५	१,०७,३४५
प्रतिशत		४.२०	५.८९	९.३१	५३.७७	३५.९९

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५३.७७ प्रतिशत तथा आषाण महिनामा ३५.९९ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

८ **योजनाको प्राथमिकीरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	३२	२६	६	-
२.	वडा स्तरीय	२८१	-	३८	२४३

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

९ **दायित्व भुक्तानी** –

पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ। पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.२२,५४०।- देखाएको छ। एकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२२,५४०

१० **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. २१ करोड ८२ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ६ लाख १८ हजार खर्च लेखेको छ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ५६ लाख १८ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेकोछैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्बढ वनाउनु पर्दछ।

११ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्ने भन्ने व्यवस्था रहेको छ। नगरपालिकाले यस वर्षको आय र व्ययको आन्तरिक लेखापरीक्षण गरेको छैन। ऐनमा रहेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

१२ **अबण्डा बजेट** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ।नगरपालिकाले देहायका कार्यक्रमहरुमा बजेट राखी कार्यपालिकाको निर्णयबाट स-साना योजनामा रकम बाँडफाँड गर्ने,सडक मर्मत सम्भार(मेयर),भौतिक पूर्वाधार निर्माण(मेयर) जस्ता कार्यक्रम राखी पछि विभिन्न मितिमा योजना तोकी कार्यान्यनमा ल्याएको छ। ऐनले गरेको व्यवस्था वमोजिम नगरपालिकाले वितरणमुखी योजना छनौट नगरी उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने प्रकारका योजना छनौट गर्नुपर्दछ। विद्यालय भौतिक पूर्वाधार सुधार तर्फको रु ८०,००,०००।– बजेटबाट विभिन्न ३२ विद्यालयको कक्षाकोठा व्यवस्थापन,शौचालय मर्मत,मर्मत सम्भार,माटो पटान लगायतका कार्यक्रममा रु १ लाख देखि रु ५ लाख सम्म विनियोजन गरी खर्च भएको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट समर्थन गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

१३ **भुक्तानी दिन बाँकी विवरण नभएको** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१३) मा उपनियम १५ मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल,भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले बजेट तर्जुमा गर्दाकै समयमा गतवर्षको प्रमाणित विवरणको आधारमा भुक्तानी दिन बाँकी रकम तथा क्रमागत योजनाहरुलाई प्राथमिकता साथ पुरा गर्ने गरी बजेटको व्यवस्था गर्नुपर्दछ। योजना तथा कार्यक्रम तय गर्दा 'नगरपालिका गत वर्ष' उल्लेख गरी बजेटमा कार्यक्रम राखेको र सो बाट यस वर्षका नयाँ कार्यक्रम,क्रमागत कार्यक्रम तथा भुक्तानी दिन बाँकी रकम लगायतका कार्यक्रमको भुक्तानी दिएको छ। गत वर्षको भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरी नराखेको,चालु प्रकृतिका जिम्मेवारी सार्न नमिल्ने प्रकृतिका चालु खर्चहरु समेत नगरपालिका गत वर्ष भन्ने शिर्षकबाट भुक्तानी भएको छ। नगरपालिका गत वर्ष पूजीगत तर्फ रु १४,३७,४४,०००।- बजेट राखी रु ६,८२,५७,०००।- खर्च भएको छ। त्यसै गरी नगरपालिका गत वर्ष चालुखर्च तर्फबाट रु. ३,४४,९३,०००।- बजेट राखी रु. ३,०७,७६,०००।-खर्च भएको छ। नियमावलीले गरेको व्यवस्था वमोजिम भुक्तानी दिन बाँकी विवरण नगरपालिका कार्यपालिकाबाट स्वीकृत तथा प्रमाणित गरी यथार्थ विवरणको आधारमा बजेट व्यवस्था गरी भुक्तानी दिनुपर्दछ।

१४ **तलवी प्रतिवेदन** -

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्यतर्फका कर्मचारी र पालिकातर्फका कर्मचारीको रु. ३,२१,२०,८००।- तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **वित्तीय समानिकरणबाट चालु खर्च**-

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार,अर्थमन्त्रालयको च.नं १२१ मिति २०७८-३-२७ को पत्रबाट वित्तीय समानीकरणको अनुदान रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले वित्तीय समानिकरणबाट चालु प्रकृतिका कार्यक्रममा रु ३,६४,६७,०००।-बजेट राखी रु ३,३३,९६,०००।-खर्च गरेको छ।सो खर्च मध्ये वडा कार्यालय मार्फत स-साना कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च भएको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र बमोजिम वित्तीय समानीकरण बाट प्रशासनिक खर्चको प्रयोजनमा खर्च नहुने गरी बजेट तयार गर्नुपर्दछ।

१६ **अवकास कोष**-

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका

लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले कर्मचारी कल्याण कोषमा गत वर्ष जम्मा गर्नुपर्ने रकम यो वर्ष रु. ५०,००,०००।– विनियोजन गरी जम्मा गरेको छ।कोषको कार्यविधि तयार गरी अवकाष कोष संचालनमा ल्याएको छैन। नियमावलीले गरेको व्यवस्था बमोजिम कार्यविधि तयार गरी कोष संचालनमा ल्याउनुपर्दछ।

१७ **कानुनी सल्लाहकार**-

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी एकमुष्ट वार्षिक रु. २,१६,०००।– सम्झौता गरी पारिश्रमिक भुक्तानी दिएको छ । उल्लेखित ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नुपर्नेमा समावेश नगरी गरेको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२,१६,०००

१८ **प्रोत्साहन भत्ता** –

२१६।०८०-७-२,३०७।०८१-३-२४ नगरपालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि,२०७९ को वुदा नं ८ मा नगरपालिकाको कार्यालयमा कार्यरत तथा वडा कार्यालयमा कार्यरत सबै कर्मचारीहरुको लागि विद्युतिय हाजिरीको व्यवस्था गरी कार्य सम्पादन गरेको आधारमा अनुसूची-१ को (क) वा (ख) बमोजिमको मूल्यांकन अनुसार प्रत्येक कर्मचारीलाई शुरु तलब स्केलको बढीमा ३५ प्रतिशत सम्म प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराइने व्यवस्था गरेको छ।अनुसूची -१ (क) मा २० वटा सूचक रहेको र अनुसूची १ (ख) मा अतिरिक्त समय काम गरेको दैनिक प्रतिवेदन (लगवुक) को आधारमा दिन सक्ने व्यवस्था छ। नगरपालिकाले आ. व ०७९।०८० को कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता यो वर्ष रु ८३,६१,२८०।- खर्च लेखेको छ। गत वर्षको मिति २०७९ श्रावण देखि २०८० आषाढ सम्म १२ महिनाको प्रोत्साहन भत्ता खर्च लेख्दा गत वर्षको भुक्तानी बाँकी विवरण प्रमाणित गरी नराखेको,गतवर्ष बजेटमा व्यवस्था भएको रु १,२०,००,०००।-मा भुक्तानी हुन नसकेको कारण स्पष्ट भएको छैन।नगरपालिका भित्र तथा वडा कार्यालयका कर्मचारी गरी ७८ जना कर्मचारीको प्रोत्साहन भत्ता खर्च लेख्दा नगरपालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि,२०७९ वमोजिम कार्यसम्पादन गरेको आधार (अनुसूचीका सूचक) मा कर्मचारीले प्राप्त गर्ने प्रोत्साहन भत्ताको मूल्यांकन विवरण तथा डिजिटल हांजिरी विवरण लगायत मूल्यांकन विवरण (सिट/पेरोल) प्राप्त नभएकोले सो विवरण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	८३,६१,२८०

१९ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष विभिन्न व्यक्तिहरुलाई काजक्रिया खर्च रु. ९,८५,०००।- र अति विपन्न परिवारकको लागि उपचार खर्च रु. ४,३६,०००।- गरी जम्मा रु. १४,२१,०००।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याइ गरेको छैन। आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२० **धरौटी तर्फ** –

२०.१ हिसाब मिलान गर्नुपर्ने – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६४ मा सार्वजनिक निकायले धरौटीको लेखा अद्यावधिक गरि राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाको धरौटी विवरणअनुसार व्यक्तिगत धरौटी श्रेस्ता अनुसार बाँकी रु २,६४,७६,३९०.९५ रहेकोमा बैङ्क अनुसार रु. २,५६,०३,५४०.२२ रहेको विवरणबाट देखिन्छ। श्रेस्ता भन्दा बैंङमा रु ८,७२,८५०.७३ घटी रहेको सम्बन्धमा हिसाब मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	८,७२,८५०

२०.२

धरौटी फिर्ता - आन्तरिक राजस्व विभागको मिति २०६९-६-१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपूर्व भुक्तानी लिएको रकम र मूल्य अभिवृद्धि कर सम्बन्धित निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्बन्धित आन्तरीक राजस्व कार्यालयवाट यकीन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले निम्न निर्माण सेवालाइ कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र नलिइ भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रू.

सि.नं.	भौ. नं / मिति	कामको विवरण	निर्माण व्यवसायी	भुक्तानी रकम
१	१२।०८०-७-१५	सडक माटो पटान तथा पिपिसि ढलान वडा नं १	एस.के. निर्माण सेवा कपिलवस्तु-१, तौलिहवा	९३,३०२
२	२०।०८०-८-७	तेहोला सामुदायिक भवन निर्माण	रोयल कन्सट्रक्सन कपिलवस्तु-२	४३,७४८

प्रमाण पेश नगरेको	१,३७,०५०

२१ **निःशुल्क शिक्षा** -

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२२ **नि:शुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । क्रियाकलाप नं. को ३.१ को १ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयतगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने र सोहि क्रियाकलापको २ मा यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले IEMIS मा समावेश भएका विद्यार्थी संख्यासंग वास्तविक विद्यार्थी संख्यालाई सत्यापन नगरी बढि निकासा दिएको देहायबमोजिमका विद्यालयको पाठ्यपुस्तक वापतको रकम असुल गर्नुपर्ने रू.

विद्यालयको नाम	कक्षा	IEMIS अनुसार विद्यार्थी संख्या	वितरण तथा निकासा	फरक विद्यार्थी संख्या	दर	कुल
श्री कालिकाजन मा.वि.	१	४१	४४	३	५२०	१५६०
	२	३३	४२	९	५५६.८	५०११
	५	७५	१००	२५	६३४	१५८५०
	७	७९	८९	१०	७४८	७४८०
	८	४५	४८	३	८८२	२६४६
	९	५०	५३	३	७७०	२३१०
कालिकाजन मा.वि. जम्मा						३४८५७
श्री राष्ट्रिय जनहित मा.वि.	३	३६	३८	२	५८०.८	११६२
	५	४३	४५	२	६३४	१२६८
	७	खरिद विल बमोजिम ६४ जना भएकोमा वितरण भरपाई ६० जनाको भएको			७४८	२९९०
श्री राष्ट्रिय जनहित मा.वि. जम्मा						५४२०
श्री मा.वि. कुस्मा	१	२२	२५	३	५२०	१५६०
	२	२४	३०	६	५५६.८	३३४१
	४	२१	२५	४	६०३	२४१२
	५	१७	२०	३	६३४	१९०२
	६	१४	१८	४	७१२.८	२८५१
	९	२२	२५	३	७७०	२३१०
श्री मा.वि. कुस्मा जम्मा						१४३७६
विद्यालयको नाम	कक्षा	खरिद पुस्तक सेट	वितरण पुस्तक सेट	फरक	दर	रकम
श्री कनकमुनी मा.वि.	४	५८	५२	६	५९६	३५७६
बुद्ध पद्म मा.वि.	३	६८	६५	३	५८०.८	१७४२
श्री भगवानदास मा.वि.	१	७२	६५	७	५२०	३६४०
	३	७०	६६	४	५८०.८	२३२३
	५	७१	६८	३	६३४	१९०२
	६	७०	६६	४	७१२.८	२८५१
	७	८०	७६	४	७४८	२९९२
	८	५३	५०	३	८८२	२६४६
	९	६३	५९	४	७७०	३०८०
श्री भगवानदास मा.वि. जम्मा						१९४३४
श्री सितलाबक्स मा.वि.	१	४५	३३	१२	५२०	६२४०

	३	४५	३४	११	५८०.८	६३८९
	४	४५	३०	१५	६०३	९०४२
	५	४५	३८	७	६३४	४४३८
	६	५०	४३	७	७१२.८	४९९०
	७	४५	३९	६	७४८	४४८८
	९	४५	३४	११	७७०	८४७०
	१०	४०	३५	५	९०९.	४५४५
श्री सितलाबक्स मा.वि. जम्मा						४८६०१
श्री कोटिग्राम मा.वि.	७	५९	४८	११	७४८	८२२८
	१०	२५	१९	६	९०९	५४५४
	विद्यालयमा कुल निकासा रू ४३१३९५ र खर्च ३२०६१० भएकोले बढी निकासा फिर्ता गर्नुपर्ने रू					११०७८६
कोटिग्राम मा.वि. जम्मा						१२४४६८
कुल जम्मा						२५२४७४

असुल गर्नुपर्ने	२,५२,४७४

२३ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ ।

कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई बढी निकासा गरेको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

क्र.म.	विद्यालयकोनाम	कक्षा	IEMIS अनुसार विद्यार्थी संख्या	विद्यालयलेमाग गरेको विद्यार्थी संख्या	वढिविद्यार्थी संख्या	औषतविद्यालय संचालन दिन	बढि भुक्तानी
१	यसोधरामा.वि.	वालविकास	९	२५	१६	७६.८४	१८४४२
२	श्यमाआ.वि.	४	२६	३१	५	११५	८६०६
३	आ.वि.पिपरी	५	७०	७३	३	६७	३०१८
४	शितलाबक्समा.वि.	६	कार्यविधि विपरित				२७४००
५	शितलाबक्समा.वि.	वालविकास	५४	६१	७	५५	५७७५
६	बुद्बपद्ममा.वि.	२, ३, ४ र५	२२९	२३८	९	८०	१०८००
७	भगवानदासमा.वि.	२ र ३	११४	१२७	१३	९४	१८३३०
८	कालिकामा.वि.	४ र ५	१७४	१७८	४	८०	४८००
९	श्रीमा.वि. कुश्मा	निकासा रू २०९२५० र खर्च रू १९१२५० भएकोले फिर्ता गर्नुपर्ने रू					१८०००
जम्मा							११५१७१

असुल गर्नुपर्ने	१,१५,१७१

२४ छात्रवृत्ति

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ क्रियाकलाप नं. ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति सम्बन्धी व्यवस्था छ । सोही क्रियाकलाप नं.को ४.२ गैरआवासीय छात्रवृत्तीमा IEMIS मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । IEMIS मा प्रविष्टि भएको संख्यालाई सत्यापन गराई अनुदान निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ । पालिकाले देहायबमोजिमका विद्यालयको छात्रवृत्ति निकासा भन्दा कम विद्यार्थीलाई भरपाई एवमं वितरण गरेकोले वितरण गरी बाँकी रकम असुल गर्नुपर्ने रू ४१२००.००

क्र.सं.	विद्यालयको नाम	निकासा (विद्यार्थी संख्या)	वितरण (विद्यार्थी संख्या)	वचत छात्रवृत्ति (विद्यार्थी संख्या)	बचत रकम
१	श्री मा.वि. कुस्मा	93	88	५	२०००
२	बुद्ध पद्म मा.वि.	४६१	३७२	८९	३५६००
३	महेन्द्र आ.वि. तौलिहवा	१२३	११४	९	३६००
जम्मा					४१२००

असुल गर्नुपर्ने	४१,२००

२५ बढी ग्रेड भुक्तानी

शिक्षा नियमावली २०५९ को नियम १०२ मा बढुवा हुने शिक्षकको तलवमान सम्बन्धी व्यवस्था गरेको छ । पालिकाको देहायबमोजिम शिक्षकको तलव भुक्तानी गर्दा शिक्षक कितावखानाले तलवी प्रतिवेदनमा पारित ग्रेडदरभन्दा बढी दरसहित तलव भक्तानी भएकोले बढी ग्रेड भुक्तानी दिनमिल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा बढी भुक्तनी भएको ग्रेड रू ६४०६४.०० संचयकोष समेत असुल हुनुपर्ने रू.

सि.नं.	शिक्षकको नाम	भुक्तानी भएको ग्रेड	भुक्तानी हुनुपर्ने ग्रेड	बढी भुक्तनी ग्रेड संख्या	ग्रेड दर	महिना	बढी भुक्तानी ग्रेड	कैफियत
१	राममणी भट्ट-नि.मा.वि. द्धितीय	५	४	१	१४५६	१० चाडपर्व समेत	१६०१६	श्रावणदेखि चैतसम्म
२	जनार्दन गिरी-मा.वि. तृतीय	८	५	३	१४५६	१० चाडपर्व समेत	४८०४८	श्रावणदेखि चैतसम्म
	जम्मा						६४०६४	

प्रमाण पेश नगरेको	६४,०६४

२६ **स्वयंसेवक शिक्षकको तलब भत्ता** –

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम शिक्षक पदपूर्ति गर्दा शिक्षक विद्यार्थी अनुपात हेरेर मात्र शिक्षक छनौट गरी पदपूर्ति गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले गत विगत वर्षहरु देखि नै स्वयंसेवक शिक्षक नियुक्त गरी तलब भत्ता भुक्तानी गर्दै आएको छ। बालविकास ,प्रा. वि, नि. मा. वि तथा नगरपालिकाको अनुदान गरी ६७ जना शिक्षकको तलब भत्ता स्वरुप रू १,३५,५४,७००।-खर्च भएको छ। नगरपालिकाले प्रकृया पुरा गरी शिक्षक नियुक्त गरी तलब भत्ता खर्च लेखेको अवस्थामा विभिन्न वडाले वडाको कार्यक्रमबाट सोही कार्यक्रममा पुनः स्वयंसेवक शिक्षक तथा अन्य शिक्षकको पारिश्रमिक भनि रु १४,१७,४५५।- भुक्तानी भएको छ। नगरपालिका तथा वडाहरुको कार्यक्रममा दोहोरो खर्च नहुने गरी बजेट निर्माण गर्दा नै नियन्त्रण गर्नुपर्ने देखिन्छ।

२७ **निःशुल्क सेनेटरी प्याड-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटेरी प्याड व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने गरी स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। सो कार्यका लागि यो वर्ष रु ३२,४९,०००।- बजेट व्यवस्था रहेको छ। पालिकाले विद्यालयहरुमा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्रामा नियमानुसार खरिद गरी वितरण गर्ने र सो को अनुगमन समेत गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण वमोजिम कक्षा ६ देखि १२ सम्मका ३१४९ छात्राको लागि निर्देशिका बमोजिम ६२९८० प्याकेट आवश्यक पर्नेमा यो वर्ष ३९४०० प्याकेट विद्यालयमा पठाइएको कारण ३९१०० प्याकेट नपुग्ने देखिन्छ। पालिकाले विद्यालयहरु सँग तथ्याङ्क संकलन गरी नपुग संख्यामा खरिद प्रकृया अपनाई समयमा नै विद्यालयमा छात्राहरूले प्राप्त गर्ने गरी व्यवस्थापन गर्नुपर्नेमा सो नगरी बजेट फ्रिज गरेको छ। पालिकाले निर्देशिकाले गरेको व्यवस्था वमोजिम तोकिएका सबै छात्राले समयमा नै सेनेटरी प्याड पाउने गरी व्यवस्थापन गर्नुपर्दछ। यो वर्ष खरिद ४०३०० प्याकेट सबै विद्यालयका तोकिएका छात्राहरुलाई पुग्ने अवस्था छैन।

२८ **प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विद्यालय अनुदान** (131-२०८०-१२-२८):

कार्यक्रम कार्यान्वन पुस्तिका २०८०।८१ को २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विद्यालय अनुदानको व्यवस्था गरेको छ । पुस्तिकाको २.६ मा प्राविधिक धार संचालन अनुदान प्राप्त गर्ने निर्णय भएका विद्यालयहरु तोकिएको मापदण्डअनुसार संचालन भएनभएको अनुगमन गरी त्यस्तो विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षण सिकाई सामग्री, ल्याव असिस्टेन्ट पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु १५००० एकमुष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ । पालिकामा संचालित देहायका प्राविधिक धारका विद्यालयलाई निकासा भएको अनुदान रकमबाट विद्यालयले कार्यान्वयन पुस्तिकाले तोकेभन्दा फरक शिर्षकमा खर्च गरेको नियमसम्मत नदेखिएको रू

क्र.सं.	विद्यालयको नाम	कार्य विवरण	खर्च रकम
१	बुध्दपद्म मा.वि. तौलिहवा	बाटो निर्माण	५४७९७६
२	कनकमुनी मा.वि. श्रीनगर जगदिशपुर	बाटो ग्राभेल	४१५०००
कुल			९६२९७६

अनियमित भएको	९,६२,९७६

२९ **गैर सरकारी संस्था मार्फत खरिद-**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम,अभिमुखीकरण,सवलीकरण,मूलप्रवाहीकरण जस्ता कार्य गैह्रसरकारी संस्थाबाट गराउँदा छिटो छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैह्रसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था गरेको छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा गैह्रसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता,किसिम,समयावधि,कामको गुणस्तर,जनशक्ति,कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुगमन गरी गर्न सकिने व्यवस्था गरेको छ।नमुना छनौटका आधारमा हेर्दा नगरपालिकाले देहायबमोजिमका स-साना कार्यक्रमहरु आफ्नै जनशक्तिबाट गर्न सक्ने अवस्थामा समेत गैह्रसरकारी संस्थाबाट कार्य गरेकोमा ऐन तथा नियमावलीले गरेको व्यवस्था बमोजिम उल्लेखित विषयहरुमा ध्यान पुर्‍याई कार्य गरेको देखिएन।

भौचर नं र मिति	कामको विवरण	गैरसरकारी संस्थाको नाम	भुक्तानी रकम
४१८।०८०-१०-१४	विभिन्न जनचेतनामूलक कार्यक्रम	लुम्बिनी अपाङ्गता विकास केन्द्र	५०,०००।-
४१५।०८०-१०-१२	घरेलु हिंसा सम्बन्धी कार्यक्रम	सुन्दर नेपाल सामाजिक विकास केन्द्र	९९,५००।-
४०७।०८०-१०-११	घरेलु हिंसा सम्बन्धी कार्य	किशोरी अधिकार मंच	५०,०००।-
४३५।०८०-१०-१६	युवाहरुको लागि नेतृत्व विकास	डायनामिक सामाजिक विकास संस्था	१,००,०००।-
४६०।०८०-१०-२५	लागू औषध तथा घरेलु हिंसा	स्काई टेक्निकल कलेज प्रा. लि	५०,०००।-
४७६।०८०-१०-२५	सिलाई कटाई तालिम	स्काई टेक्निकल कलेज प्रा. लि	२,९९,५००।-
६०३।०८०-११-२२	विभिन्न जनचेतना मूलक कार्यक्रम	डायनामिक सामाजिक विकास संस्था	१,००,०००।-
७२५।०८०-१२-१६	सिलाई कटाई तालिम	स्काई टेक्निकल कलेज प्रा. लि	१,९९,१००।-
१४५१।०८१-३-२२	दलित महिलाको सशक्तिकरण तालिम	स्काई टेक्निकल कलेज प्रा. लि	२,८९,८००।-
जम्मा			**१२,३७,९००।-**

३० **नाफामूलक संस्थामा लगानी -**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६ मा वितरणमूखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थाको लागि लगानी गर्न तथा ती संस्थाहरु मार्फत काम गराउन एवं संस्थाहरुलाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन। पालिकाबाट प्राप्त विवरण अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहायका नाफामूलक संस्थाहरुलाई रु ६,७४,०००।– खर्च गरेको अनियमित रु

भौ न/ मिति	संस्था	रकम रु
१५।०८०-६-५	साझा न्यूज पत्रिकाको अधुरो भवन निर्माण	३,९०,०००।-
१३०।०८१-३-२१	आर्य वचत तथा ऋण सहकारी संस्थाको भवन मर्मत संम्भार	२,८४,०००।-
जम्मा		**६,७४,०००।-**

अनियमित भएको	६,७४,०००

३१ **महिला स्वयंसेविका सम्मान -**

१२९।०८१-३-१८ संघीय सरकारको स्वीकृत कार्यक्रम बमोजिम ६० वर्ष पुरा गरेका महिला स्वयम सेविकालाई प्रोत्साहन स्वरुप रु २०,०००।-प्रति व्यक्ति सुविधा प्रदान गरि विदा गर्ने कार्यक्रम रहेको छ। प्रदेश सरकारबाट समेत प्रतिमहिला स्वयंसेविका रु ५०,०००।- का दरले अवकास पश्चात प्रोत्साहन भत्ता भुक्तानी भएको छ। सो अवस्थामा पुनःपालिकाले ३५ जना महिला स्वयंसेविकाहरुको प्रतिव्यिति रु २०,०००।- थप गरी रु ७,००,०००।- खर्च गरेको छ। एउटै शिर्षकमा संघ र प्रदेशले भुक्तानी दिएको अवस्थामा स्थानीय तहले बजेट तर्जुमा गदकैि समयमा पुर्नविचार गर्नुपर्ने देखिन्छ।

३२ **राजश्व तर्फ -**

३२.१ ,

राजश्व दाखिला - वडागत र पालिकागत राजश्व रु २,४२,६७,८३२.८५ जम्मा भएकोमा रु २,४१,९३,९५४.८५ दाखिला भएको राजश्व सिस्टमबाट देखिन्छ। फरक रु ७३,८७०।- का सम्बन्धमा एउटै भौचर काटिएको तर राजश्व सिस्टमले फरक देखाएको भन्ने पालिकाको जवाफ रहेको छ। सो सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

३२.२ **राजश्व बक्यौता**-नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून,२०७५ को नियम १४ मा नगरपालिकालाई प्राप्त हुने राजश्व तथा अन्य आयहरु प्राप्त भएको दिन वा त्यसको भोलीपल्ट तोकिएको बैंक खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको विवरण वमोजिम विभिन्न आयको ठेक्का सम्बन्धी कार्यमा देहायबमोजिम भाडा उठ्न बाँकी रहेको देखिन्छ। देहायबमोजिमको उठ्न बाँकी भाडा रकम रु २,५६,३८१।- जरिवाना सहित उठाई स्थानीय संचित कोष दाखिला गर्नुपर्ने रु

आय विवरण	सम्झौता रकम	पार्टीको नाम	प्राप्त रकम	असूल हुन बाँकी भाडारु
हाट बजार	१२,७५,०००।-	दिपक कुमार गुप्ता	१०,४२,४१९।-	२,३२,५८१।-
जगदिशपुर हाट बजार	३,७०,०००।-	खड्क ब.ठकुरी	३,५१,५००।-	१८,५००।-
पचेहरा हाट बजार	१,०६,०००।-	खडक ब. ठकुरी	१,००,७००।-	५,३००।-
जम्मा				**२,५६,३८१।-**

असुल गर्नुपर्ने	२,५६,३८१

३२.३ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले अनुसूची खण्डमा समावेश विवरण अनुसार देहायको आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. ७२,९३०।-असुल नगरेकोले असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

आय विवरण	सम्झौता रकम	पार्टीको नाम	मू. अ. कर दाखिला गर्नुपर्ने रु
हाट बजार	३.७०,०००।-	खड्क ब.ठकुरी	४८,१००।-
हाट बजार	१,०६,०००।-	खडक ब. ठकुरी	१३,७८०।-
रामघाट मेला	४८,०००।-	कन्छैया कूर्मी	६,२४०।-
चप्पर तला माछापोखरी	३७,०००।-	विकास हरिजन	४,८१०।-
जम्मा			**७२,९३०।-**

असुल गर्नुपर्ने	७२,९३०

३२.४ विज्ञापन करको बाडफाँड- अन्तर सरकारी व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन करबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विज्ञापन करबाट रु. २,०५,०००।-आम्दानी गरेकोमा प्राप्त आयको ४० प्रतिशत रु. ८२,०००।-प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन । तसर्थ उल्लेखित प्रावधान अनुसार ४० प्रतिशतले हुने कर प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	८२,०००

३३ **नदीजन्य पदार्थको आय ठेक्का** –

३३.१ नगरपालिकाको IEE प्रतिवेदन बमोजिम वाणगंगा नदीको घाट/नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी विक्री वितरण गर्नको लागि ५ वटा घाट/नाकाहरु रहेको देखिन्छ। नगरपालिकाले नदीजन्य पदार्थ विक्रीको लागि वोलपत्र आह्वान गरी ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा निम्न व्यहोरा देखिन्छः-

३३.२ ठेक्का विवरण – जर्लैया र कुश्मा,सगरहवा,रामघाट,पिपरहवा र अकवरपूर नाका गरी ५ नाका रहेका छन्। ५ नाका मध्ये जर्लैया र कुश्मा तथा सगरहवा नाकामा ठेक्का बन्दोवस्त भएको छ भने अन्य नाकामा ठेक्का लागेको छैन।

३३.३ घाटगद्धीको ठाउँ नतोकेको - जर्लैया र कुश्मा नाकाको गत वर्षको समेत ८७९०० घ. मि र सगरहवा नाकाको ४६५०० घ. मि (IEE प्रतिवेदन वमोजिम) को लागि ठेक्का बन्दोवस्त भएको छ। नगरपालिकाले नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्दा घाटगद्धी गर्ने ठाउँ किटान गरी उत्खनन् तथा संकलन परिमाण नापजाँचबाट एकिन गर्नुपर्दछ।नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा घाटगद्धी गर्ने ठाउँको व्यवस्था गरेको छैन। घाटगद्धी नगरेको कारण ठेकेदारले तोकिएको परिमाण भन्दा बढी उत्खनन/संकलन गरेको सम्बन्धमा यकिन हुन सक्ने अवस्था छैन। ठेकेदार सँग सम्झौता भए देखि कुनै दिन ४,५ वटा मात्र रसिद पाना (थान) काटेको विवरण छ भने कुनै दिन ३ ठेली (१५० रसिद) सम्म काटेको अवस्था छ। ठेकेदारले नगरपालिकालाई जुन विवरण दिएको छ सोही विवरणलाई आधार मान्ने अवस्था छ। सम्झौता वमोजिम मात्र परिमाण उत्खनन/संकलन गरेको कार्यको यकिन गर्न अनिवार्य रुपमा घाटगद्धी गर्नुपर्नेमा नगरेको कारण घाटगद्धी गरेको ठाउँको नापजाँच गरी अनुगमन गर्न सकिने अवस्था छैन। नगरपालिकाले सम्झौता वमोजिमको परिमाण मात्र उत्खनन/संकलन गरी विक्री वितरण गरेको छ भन्ने सम्बन्धमा यकिन गर्न नियन्त्रण पद्धति अपनाउनु पर्दछ।

३३.४ कालो सूचीमा राख्न सिफारिस नगरेको – सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ मा सार्वजनिक निकायले खरिद प्रकृयाबाट सारभूत रुपमा प्रभावग्राही वोलपत्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने,छनौट भएको वोलपत्रदाता वा प्रस्तावदाता सम्झौता गर्न नआएमा सार्वजनिक अनुगमन कार्यालयले १ वर्ष देखि ३ वर्ष सम्म कालो सूचीमा राख्न सक्ने व्यवस्था छ।नगरपालिकाको बाणगंगा नदी अन्तर्गत सगरहवा नाकाको ४६५० घ. मि. को लागि न्यूनतम कवोल अंक रु १,४८,३०,३००।–(भ्याट समेत) रहेकोमा ३ वटा वोलपत्र परेको

छ। सबैभन्दा बढी कबोल गर्ने शुभम निर्माण सेवाको रु १,७३,७६,०१०।- (भ्याट समेत) रहेको र निज वोलपत्रदाता छनौट भै सके पश्चात सम्झौता गर्न नआएको देखिन्छ। बढी कवोल गर्ने वोलपत्रदाता नआएपछि पालिकाले दोश्रो वढीवाला नमो कन्स्ट्रक्शनको कवोल अंक रु १,५०,२९,०००।- (भ्याट समेत) स्वीकृत गरेको छ। त्यसै गरी पिपरहवा नाकाको १७८०० घ. मि. नदीजन्य पदार्थको लागि १ मात्र वोलपत्र परेको र सोही शुभम निर्माण सेवा छनौट भएकोमा सम्झौता गर्न नआएको अवस्था छ। दुवै ठेक्कामा छनौट भएको पाटी सम्झौता गर्न नआएको अवस्थामा कार्यपालिकाको मिति २०८१-१२-२३ को निर्णयले कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्र लेख्न सिफारिस गरेकोमा पालिकाले सो निर्णय तथा सार्वजनिक खरिद ऐन बमोजिम कालोसूचीमा राख्न पत्र लेखेको छैन। ठेक्का छनौट भएको अवस्थामा सम्झौता गर्न नआउने पाटीलाई ऐन बमोजिम कालोसूचीमा राख्ने गरी कारवाही अगाडी बढाउनुपर्दछ।

३३.५ IEE को प्रतिवेदन कार्यान्वयन – नदी किनारबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्यमा IEE प्रतिवेदनले गर्न नमिल्ने विषयहरुमा नगरपालिकाले ध्यान दिनुपर्दछ। नदीको बहाव परिवर्तन नहुने,नदीमा हेभी मेशिन,इक्विपमेन्ट जान नदिने,विहान देखि बेलुका उज्यालो समयमा मात्र संकलन गर्नुपर्ने ,दैनिक ३०० घ. मि भन्दा कम IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा बढी निकाल्न नपाइने जस्ता विषयमा अनुगमन गर्नुपर्दछ। नगरपालिकाले लगाएको ठेक्कामा एकै दिनमा ४२२ घ. मि सम्म उत्खनन/संकलन गरेको छ।IEE प्रतिवेदनले उल्लेख गरेका विषयको कार्यान्वयनमा नगरपालिकाले जोड दिनुपर्दछ।

३४ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर परीक्षण गरी न्यानोझोला खरिद गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतको एक बर्थिङ सेन्टरमा गत वर्ष ११० थानको रु ९८४४५.६० मा खरिद गरेको र यस बर्ष खरिद गरेको देखिदैंन । गत वर्ष १८ जना र यस वर्ष १६ जना र गरी ३४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा १६६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३५ निःशुल्क उपचार सहायता -

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष नगरपालिकावाट ६१ जनाको लागि रु २९,७५,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

क्र.स.	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु
१	क्यान्सर	४३	२१,३०,०००।-
२	मृगौला डायलाइसिस	१८	८,४५,०००।-
	जम्मा	६१	२९,७५,०००।-

३६ **धानवाली पकेट विकास निरन्तरता कार्यक्रम** (२३५-२०८१-३-१८):

पालिकाले धानवाली पकेट विकास निरन्तरता कार्यक्रम अन्तरगत ५० प्रतिशत कृषक लागत सहभागितामा श्री शिवशक्ति वीउ उत्पादन कृषक समुहमार्फत संचालन गरी रू ४,९९,९५४.०० भुक्तानी गरेको छ । पकेट कार्यक्रमबाट १३ कृषक घरधुरी लाभान्वित हुनेगरी धानको वीउ, जिरोवेटर, चाइनिज पम्पसेट, डेलिभरी पाइप, पम्पसेट १५०० आर.पि.यस, स्प्रेयर, डिजिटल काँटा, कम्पोष्टमल, सल्फर लगायत सामग्री वितरण गरेको देखिन्छ । कार्यक्रमबाट कृषकको लागत सहभागिता देखिने कागजात पेश गरेको देखिदैन । कृषक समुहबाट सञ्चालित कार्यक्रमको विभिन्न मितिमा पालिकाका पदाधिकारी, कर्मचारी तथा पत्रकारलाई अनुगमन भत्ताबापत रू २२०००.०० भुक्तानी भएकोमा समितिले अनुगमन प्रतिवेदन पेश गरेको छैन । धान खेति प्रविधि सम्बन्धी २ दिने स्थलगत घुम्ती तालिममा पालिकाकै कर्मचारीद्वारा प्रशिक्षण भत्तामा रू ९०००.०० खर्च गरेको देखिन्छ । त्यस्तै समुहले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी संस्थाकै पदाधिकारी साथै पालिका जनप्रतिनिधि तथा कर्मचारीलाई सहभागिता भत्ता रु १५०००.०० भुक्तानी गरेको छ । पकेट कार्यक्रमको उद्देश्य बमोजिम तोकिएको क्षेत्रमा मितव्ययी ढङ्गबाट खर्च गर्नुपर्दछ ।

३७ **कृषी पशु अनुदान** -

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको स ्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष नगरपालिकावाट देहायका कृषक र कृषक फर्मका लागि रु १,१०,१२,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्र.स.	श्रोत	कार्यक्रमको नाम	अनुदानको किसिम	व्यक्ती संख्या	रकम रु
१	पालिकास्तरीय	हिउदे वर्षिम घाँसको विउ वितरण	१०० प्रतिशत	कृषक र कृषक फर्म	६,२४,०००।-
२	पालिकास्तरीय	ह्वील ब्यारो खरिद तथा वितरण	१०० प्रतिशत	२८ जना	१,२०,०००।-
३	पालिकास्तरीय	माछाका भुरा वितरण	१०० प्रतिशत	कृषक तथा कृषक फर्म	१,००,०००।-
४	प्रदेश	तरकारी प्रवर्धन कार्यक्रम	५० प्रतिशत	१५	१०,००,०००।-
५	प्रदेश	साना सिँचाई कार्यक्रम	५० प्रतिशत	९०	१०,००,०००।-
६	संघीय	साना सिँचाई प्रवर्धन कार्यक्रम स्यालो ट्युबेल निर्माण	५० प्रतिशत	२	९,७५,०००।-
७	संघीय	धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता	५० प्रतिशत	१ कृषक समूह	५,००,०००।-
८	पालिकास्तरीय	तरकारीको कम्पोजिट वीउ वितरण	१०० प्रतिशत	१२०० जना	४,९५,०००।-
९	पालिकास्तरीय	बाली संरक्षण कार्यक्रम	१०० प्रतिशत	१५००	४,९८,०००।-
१०	पालिकास्तरीय	तरकारीको बीउ वितरण	१०० प्रतिशत	५००	४,००,०००।-
११	पालिकास्तरीय	उन्नत तथा हाइब्रिड तरकारीको कम्पाजिट वीउ वितरण	१०० प्रतिशत	१२००	४,९०,०००।-
१२	पालिकास्तरीय	स्प्रेयर वितरण	१००० प्रति किसानको लागत सहभागिता	९०	४,००,०००।-
जम्मा					**१,१०,१२,०००।-**

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १२ वडामा २० योजना सञ्चालन गरी यस वर्ष ५६ जनालाई औसत ९४ दिनले ५३१२ दिन रोजगारी उपलव्ध गराई रु.४८,३७,०३७।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३९ **भिक्षुचोकदेखि मालापरवा हुँदै विजगौरी सम्म सडक निर्माण कार्य** –

३९.१ भिक्षुचोक देखि मालापरवा हुँदै विजगौरी सम्म सडक निर्माण कार्य मिति २०८०-३-६ गते निर्माण व्यवसायी महेश इन्जिनियरिङ एण्ड विल्डर्स प्रा. लि. सँग रु ७,३२,२०,३८४।- मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

३९.२ पेश्की रकम असूल गर्नुपर्ने – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा अग्रिम पेश्की जमानतको म्याद खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा बढीको हुनुपर्ने व्यवस्था गरेको छ। माथि उल्लेखित सडक निर्माण कार्यको ठेक्का अवधि २०८१-३-१६ सम्म रहेको र म्याद थप भएको देखिएन। पेश्की जमानतको म्याद सकिएको कारण पालिकाको मिति २०८१-३-४ र ३-२८ मा APG जफतको लागि नविल बैंकलाई पत्र लेखेको छ। बैंकले जफत

नगरेको कारण पालिकाले पुनः मिति २०८१-४-१७ र २०८१-५-२७ मा नेपाल राष्ट्र बैक रुपन्देहीलाई जफतको लागि सहयोग गरिदिन पत्र लेखेको छ।नेपाल राष्ट्र बैंक रुपन्देहीलाई पत्र लेख्दा समेत नबिल बैंकले जफत नगरिदिएको कारण पालिकाले तेश्रो पटक मिति २०८१-७-११ मा नेपाल राष्ट बैंक बालुवाटार,काठमाडौंलाई पत्र लेखेको छ। APG को म्याद सकिसकेको अवस्था भएको र सो को म्याद सकिनु अगावै पेश्की जमानत असूल गर्ने तर्फ प्रकृया अगाडी बढाउनुपर्ने,हालसम्म पेश्की जमानत रु १,२८,००,०००।– असूल भै नआएकोले निर्माण व्यवसायीलाई कानुनी कारवाही अगाडी बढाई पेश्की रकम जफत गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,२८,००,०००

३९.३ निर्माण स्थलको व्यवस्था – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई,निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आह्वान गर्न नहुने,नियम ५१ मा वोलपत्रदाताले निर्माण गरिने निर्माण स्थलको भ्रमण गर्न सक्ने व्यवस्था गरेको छ। मिति २०८०-३-६ मा सम्झौता भएको सो निर्माण स्थलमा हालसम्म पनि सडकको बीचमा सडक बत्तीका पोलहरु रही रहेको छ। ठेक्काको म्याद सकिने अवधिसम्म निर्माण गरिने सडकको साइड क्लियरेन्स भएको छैन। केही चेनेजमा स्थानीयको अवरोध,अदालतमा मुद्धा तथा सिंचाई नहरमा पानी बन्द गर्न ढिलाई भएको कारण समयमा कार्य गर्न नसकेको उल्लेख गरिएको छ। कार्य सम्पन्न भै सक्नुपर्ने अवधि सम्म निर्माण कार्यको प्रथम रनिङ्ग विल रु ९२,२३,९७७।- मात्र लगेको छ। जसबाट निर्माण कार्यको वित्तीय प्रगति १३ प्रतिशत मात्र भएको छ। नगरपालिकाले निर्माण स्थलको तयारी गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने,समय समयमा अनुगमन गरी छिटो कार्य सम्पन्न गर्न अनुगमन प्रभावकारी गर्नुपर्नेमा सो भए गरेको देखिएन। सडक बीचमा रहेका विद्युत पोलहरु हटाई सडक निर्माण गर्ने तर्फ प्रभावकारी पहल गर्नुपर्दछ।

४० **उपभोक्ता समितिबाट जटिल संरचनाको कार्य** –

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,ट्रेलर,डोजर,ग्रेडर,विटुमिन डिष्ट्रिव्युटर,विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था छ। तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भन्ने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेछ भन्ने व्यवस्था छ। नगरपालिकाले वर्गदवा देखि रंगपूर भारत सिमाना सम्म कालोपत्रे सडक मर्मत कार्य वडा नं २ मा सडक स्तरोन्नति कार्य उपभोक्ता समितिबाट गरेको छ। बजेट रु २०,००,०००।- रहेको सो सडकमा उपभोक्ता समितिसँग दक्ष जनशक्ति नहुने,सडक पीचको लागि हेभी मेशिनहरु नहुने तथा लागत अनुमानमा जटिल प्रकृतिको कार्य समेत खुलाई प्राविधिकको सिफारिसमा नगरपालिकाको सहमति पनि नलिई रू १९,३८,३००।– को कार्य गरी भुक्तानी गरेको छ। नियमावलीले गरेको व्यवस्था वमोजिम गुणस्तरीय कार्यको लागि जटिल प्रकृतिको संरचनाको कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धाको माध्यमबाट गराउनुपर्दछ।

४१ **नगरपालिकाको भवन मर्मत कार्य** –

४१.१ नगरपालिकाको भवन मर्मत कार्य मिति २०८०-३-४ मा निर्माण व्यवसायी रशभ कन्स्ट्रक्सन प्रा. लि सँग रु ८५,९२,९३३।- मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

४१.२ कार्यस्वीकार प्रतिवेदन नभएको – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको ९० प्रतिशत भौतिक प्रगति भएको,निर्माण कार्य उद्देश्य अनुरुप सामान्य प्रयोग वा संचालनमा आएमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिका भवन मर्मत कार्य दोश्रो रनिङ विलसम्म रु ८४,०१,०४३।- बराबरको कार्य भएको छ। सो निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्रीको गुणस्तर परीक्षण प्रतिवेदन विलसाथ संलग्न गरेको छैन। निर्माण कार्यको दोश्रो विलसम्म ९७ प्रतिशत प्रगति भएको अवस्था र म्याद समाप्त भएकोमा अन्तिम विल नभएको तथा कार्यस्वीकार प्रतिवेदन समेत तयार गरेको छैन।

४१.३

कोटेशन बाट कार्य – १६०।०८१-३-२३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा एउटै प्याकेजमा गर्न सकिने कार्यको हकमा एउटै लागत अनुमान तयार गरी कार्य गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले नगरपालिका भवन मर्मत कार्य रु ८५,९२,९३३।- मा ठेक्का सम्झौता भई कार्य भै रहेको अवस्थामा भवन मर्मत कार्य गरेकै निर्माण व्यवसायीबाट रु ९,९८,६९४।-को लागत अनुमान बनाई नगर उपप्रमुखको कार्य कक्ष निर्माण तथा कार्यालय व्यवस्थापन गरी रु ९,९३,७०६।- खर्च भएको छ। मूल ठेक्काको कार्य सम्पन्न नभएको र नगरपालिका भवन मर्मतमा मर्मत गर्नुपर्ने कामको लागत अनुमान बनाई ठेक्का लगाएको अवस्थामा पुनः कोटेशन बाट कार्य गराई भुक्तानी गरेको अनियमित खर्च रु

अनियमित भएको	९,९३,७०६

४२ **खरिदको आवश्यकता** –

१२२।०८१-३-१९ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कार्यको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने,खरिद योजना तयार गर्ने,खरिदको लागत अनुमान तयार गर्नुपर्ने,लागत अनुमानमा खरिदको विवरण,परिमाण र क्षेत्र यकिन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले रु ९,२७,७६३।-बराबरको ह्यूम पाइप खरिद गर्ने कार्यको लागि आ. व. ०७९।०८० को मिति २०८०-२-५ मा रेसुङ्गा अर्जुन कन्स्ट्रक्शन सँग सम्झौता गरेको छ। ०७९।०८० मा तयार गरेको ल.ई मा ह्यूम पाइप जडान गर्नुपर्ने क्षेत्र यकिन नगरेको,स-सानो कार्यको लागि १० महिना अवधि राखी सम्झौता गरेको छ। आवश्यकता पहिचान गरी सोही आ. व. मा कार्य सम्पन्न गर्ने गरी कार्य गर्नुपर्नेमा अर्को आ. व. मा दायित्व बढ्ने गरी कार्य गरेको छ। आ. व. ०७९।०८० मा सम्झौता भएको निर्माण कार्यमा १९ स्थानमा ह्यूम पाइप जडान गर्नपर्ने भनि मिति २०८०-५-२५ मा टिप्पणी उठान भएको छ। सो कार्य गरेवापत यस आ. व. को अन्तमा भुक्तानी भएको छ। नगरपालिका भित्र गर्नुपर्ने कार्यको प्राविधिक नापजाँच तथा मूल्यांकन गरी आवश्यकता पहिचान गरी लागत अनुमान तयार गरी नियमको प्रकृया पुरा गरी कार्य गर्नुपर्नेमा तोक आदेशको भरमा कार्य गरेको अनियमित कार्य रु

अनियमित भएको	९,२७,७६३

४३ **खर मुक्त छानो कार्यक्रम** –

१०।२०८०-३-१९ सुरक्षित नागरिक आवास कार्यान्वियन (पहिलो संशोधन),२०७६ वमोजिम गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेमा तथा निर्माण गरिरहेका,जग्गा धनी प्रमाणपूर्जा,तिरो तिरेको वा शुल्क वुझाएको,विगत देखि सोही स्थानमा बसोबास गरि आएको प्रमाण जस्ता विषय हेरी लक्षित वर्गको पहिचान गर्नुपर्ने,कार्यविधिले तोके वमोजिमको लाभग्राही छनौटको आधार तथा विधि लगायतका विषय विश्लेषण गरी लक्षित वर्ग छनौट गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले जारी गरेको फुसको छानो व्यवस्थापन कार्यविधि,२०७५ (पहिलो संशोधन,२०७७) ले नगरपालिका क्षेत्रभित्र रहेका फुसको छानो भएका परिवारहरुको पहिचान गर्ने,फुसको छानो भएका परिवारहरुको लगत तयार गर्ने,सूचना प्रकाशन गरी सबैलाई जानकारी गराउने,सम्बन्धित घरधनीले नेपाली नागरिकता,जग्गा धनी प्रमाणपूर्जा,मालपोत तिरेको रसिद लगायत प्रमाणित कागजात हुनुपर्ने व्यवस्था गरेको छ। संघीय सरकारको कार्यविधि तथा नगरपालिकाको कार्यविधिले लक्षित वर्गको पहिचान गरी गत विगत वर्षमा प्राप्त गरेको घर परिवारलाई नदोहोर्‍याई यस कार्यक्रमबाट किस्ता कायम गरी कार्य सम्पादनको आधारमा रकम दिनुपर्ने हुन्छ। फुसको छानो विस्थापन गरी जस्ताको छाना लगाएको प्राविधिक मूल्यांकनको आधारमा रकम भुक्तानी दिनुपर्दछ। नगरपालिकाले खरको छानो मुक्त कार्यक्रममा संघीय सरकारको (विशेष अनुदान) मा रु १,००,००,०००।–बजेट बाट हुलास स्टिल कम्पनीसँग आर्थिक वर्षको अन्तमा ७०० वण्डल जस्तापाता खरिद गरी वितरण गरेको छ। खरिद गरिएको ७०० वण्डल आवश्यक पर्ने संख्या यकिन गरेको विवरण छैन। नगरपालिकाले खरको छानो मुक्त कार्यक्रम गत विगत वर्षमा पनि संचालन गरेको,खरिद गर्नुपूर्व गत विगत वर्ष पाएको,नपाएको घर परिवार संख्या एकिन नगरेको,माग संकलन गरी आवश्यकता पहिचान नगरेको,सुरक्षित नागरिक आवास कार्यविधि,२०७५ बमोजिम फुसको छाना भएको घर परिवार संख्या यकिन गरी कार्यविधि वमोजिम जस्तापाता खरिद गर्नको लागि गत वर्षहरुमा नपाएको वर्गको पहिचान गरी आवश्यक कागजात लिई तोकिए वमोजिम रकम भुक्तानी दिनुपर्नेमा रु ८०,६०,२९०।- बराबरको जस्तापाता खरिद गरी वितरण गरेको नियमित नभएको रु

अनियमित भएको	८०,६०,२९०

४४ **वितरणमुखी खर्च** –

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले कार्यक्रम तथा बजेट बनाउँदा रोजगारीमूलक,उत्पादनमूलक तथा उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले देहायबमोजिमको कार्यक्रमबाट खाना पकाउने ग्याँस सिलिण्डर खरिद तथा वितरण,सिँचाई मोटर खरिद तथा वितरणमा रु २०,५१,७७४।- खर्च गरेको छ। ऐनको व्यवस्था वमोजिम उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने आयमूलक कार्यक्रम नगरी वितरणमुखी कार्यक्रम गरेको नियमसम्मत मान्न नसकिएको रु

भौ न /मिति	**कार्यक्रम**	**पार्टी**	**रकम रु**
६५। ०८१-२-२	खाना पकाउने ग्याँस सिलिण्डर खरिद तथा वितरण (वडा नं १२ का परिवारमा ३९६ भरेको ग्याँस सिलिण्डर वितरण गरेको)	साक्षी विल्डिङ मेटेरियल सप्लायर्स	१६,०१,५८२।-
१३१। ०८१-२-२	सिचाई मोटर ४८ सेट पानी तान्ने मोटर खरिद तथा वितरण वडा नं २	एक के आइरन स्टोर्स	४,५०,१९२।-
जम्मा			**२०,५१,७७४।-**

अनियमित भएको	२०,५१,७७४

४५ **निर्माण कार्यमा गुणस्तर परीक्षण प्रतिवेदन नभएको** –

स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा ९ नं वडा कार्यालय भवन तेस्रो विलसम्मको भुक्तानी रु ६८,११,४५६।-निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको पाइएन।नियमावलीले गरेको व्यवस्था बमोजिम गुणस्तर परीक्षण प्रतिवेदन प्राप्त गरी निर्माण कार्य गर्नुपर्दछ।

४६ **नगर सरसफाई कार्यक्रम** –

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन,२०७४ को ११ झ मा नगरपालिकाले आधारभूत स्वास्थ्य र सरसफाई कार्यक्रम अन्तर्गत स्वास्थ्यजन्य फोहोरमैला संकलन,पुनः उपयोग,प्रशोधन,विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन लगायतका कार्यहरु गर्नपर्ने व्यवस्था गरेको छ।नगरपालिकाले नगरसरसफाई कार्य ज्यालादारी कर्मचारी नियुक्त गरी फोहोर व्यवस्थापन गरेको छ। सरसफाई कर्मीको पारिश्रमिक ज्याला,सामाग्री खरिद,साधन मर्मत तथा इन्धन गरी रु १,००,००,०००।– बजेट व्यवस्थाबाट रु ८२,२०,०००।– खर्च भएको छ। खरिद ऐन तथा नियमावलीको व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन बमोजिम प्रतिस्पर्धाको माध्यमबाट कार्य गरेको अवस्थामा नगरपालिकाले तोकिएको समयमा फोहोर उठाए नउठाएको अनुगमन गरी नगर सरसफाई कार्यक्रम अझ प्रभावकारी भई नगर सुन्दरीकरणमा थप कार्य हुन सक्ने अवस्था देखिन्छ।

४७ **वृक्षारोपण कार्यक्रम** -

नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा नगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्ने,नगरको सुन्दरीकरण गर्ने लगायतका विषय उल्लेख छ। सडक सुन्दरीकरण कार्यक्रम अन्तर्गत तौलिहवा बजार क्षेत्रमा वृक्षारोपणको लागि तारजाली लगाउने,विरुवा खरिद र वृक्षारोपण कार्यक्रममा रु १,१२,५०,०००।–बजेट विनियोजन गरेकोमा रु ३१५४०००। मात्र खर्च गरेको छ। वृक्षारोपण कार्यक्रमको लागत अनुमान वमोजिम २८६५ विरुवा रोपण गर्ने कार्य रहेकोमा ९०० विरूवाको लागि खाल्डो खनि तयार गरेकोमा ५०० विरुवा रोपण भएको छ। लागत अनुमान वमोजिम विरुवा रोपण कार्य नभएको,वृक्षारोपण गर्ने कार्यबाट तारजाली खरिद गरिएको र वृक्षारोपण

कार्यक्रम अधुरो नै रहेको अवस्थामा नगरपालिकाले नीति तथा कार्यक्रममा महत्वका साथ उठाएका कार्यक्रम समयमा नै सम्पन्न गर्ने गरी कार्य अगाडी बढाउनु पर्दछ।

४८ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ।सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. २२,४९,६९२।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

भौ. न / मिति	**विवरण**	**व्यक्ति वा संस्थाको नाम**	**रकम**
९५।०८१-३-५	भिक्षु चोकमा विद्युत लाइन स्थानान्तरण	नेपाल विद्युत प्राधिकरण	८७४३१७
६९।०८०-६-२६	विविध खर्च पर्व पुजा	घनश्याम कुर्मी	२५०००
३३।०८०-१२-५	नगर शिक्षा योजना निर्माण तथा प्रवोधिकरण	युवराज भुसाल	२०००००
७८७।०८०-१२-२३	दमकल तथा एक्साभेटर मर्मत खर्च	घनश्याम कुर्मी	१४००००
१००४।०८१-२-९	सरसफाईकर्मी पारिश्रमिक ज्याला	राजेन्द्र प्रसाद वारी	१५०००
१०८५।०८१-२-२४	दमकल तथा एक्साभेटर मर्मत खर्च	दिलसाद खाँ	२५००००
११८२।०८१-३-७	कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास तालिम	विनोद कुँवर	१३१३७५
१२५०।०८१-३-१३	सहकारी संस्थाहरुको नियमन,अभिलेखन र प्रविधि विकास सम्बन्धी कार्यक्रम	विनोद कुँवर	१०००००
१५९०।०८१-३-२४	कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास तालिम	नारायण रेग्मी	३६४०००
१५९९।०८१-३-२४	राजश्व सुदृढिकरण कार्यक्रम	सहाबुद्दीन दर्जी	१५००००
जम्मा			**२२४९६९२**

पेश्की	२२,४९,६९२

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कपिलवस्तु नगरपालिका, कपिलवस्तु , कपिलबस्तु नगरपालिका , कपिलबस्तु

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Ganesh Prasad Aryal	२०७९-१२-१९	२०८१-७-२५
लेखा प्रमुख	Balram Neupane	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१३,६४२,६९६	१३,८८६,५०९	९,४३५,२४४	०	०	२,२४९,६९२
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३९,२१४,१४१
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३९,२१४,१४१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१७०३३९९५.१६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५४७८८८०००	चालु खर्च	५६३४१३३७२.०५
प्रदेश सरकारबाट अनुदान	३०९६७२५०	पूँजीगत खर्च	२१८२१८०२९.११
राजश्व बाँडफाँट	२००८८२४२८.०३	वित्तीय/अन्य व्यवस्था	४३२८३८५९६.५४
आन्तरिक आय	६४२९४८१८.२१		
अन्य आय	३३३३५२३६९.०१		
कुल आय	११७७३८४८६५.२५	कुल खर्च	१२१४४६९९९७.७
बाँकी मौज्दात		१७९९४८८६२.७१	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।